प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०७/२०


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको त्रिपन्न प्रतिशत (५३.३६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १८५९७४ (१००%) | ९९२३६ (१००%) |
| निको भएको | १४८४०८ (७९.८%) | ७५१७७ (७५.८%) |
| उपचाररत | ३६५१४ (१९.६%) | २३५४० (२३.७%) |
| मृत्यु भएको | १०५२ (०.५७%) | ५१९ (०.५२%) |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/२० | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/२० |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/२०

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| **आइ. सी. यु मा उपचाररत बिरामीको संख्या** | १३७ | ७४ | २११ |
| **भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या** | ३३ | २ | ३५ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | **संख्या** | **विवरण** |
| काठमाण्डौ | ३ | १ पुरुष र २ महिला |
| ललितपुर | १ | १ पुरुष |
| दोलखा | १ | १ पुरुष |
| मकवानपुर | १ | १ पुरुष |
| काभ्रेपलान्चोक | १ | १ पुरुष |
| **जम्मा — ७** | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- जोरपाटी, काठमाण्डौका ६२ वर्षिय पुरुष निमोनिया र सेप्सिस भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ४ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) सोह्रखुट्टे, काठमाण्डौकी ८० वर्षिया महिला निमोनिया, सेप्सिस र मृगौलाको समस्या भई कार्तिक १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १९ गते निधन भएको छ । उहाँको कार्तिक १५ गते नै कोभिड-१९ पुष्टि भएको थियो। (उहाँ उच्च रक्तचाप र पार्किन्सन्सको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौकी ७४ वर्षिया महिला निमोनिया र मृगौलाको समस्या भई कार्तिक १७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक १८ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- लुभु, ललितपुरका ५८ वर्षिय पुरुष निमोनिया भई कार्तिक १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १९ गते निधन भएको छ । उहाँको कार्तिक १७ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचाप, मधुमेह र दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) काभ्रेपलान्चोकका ७० वर्षिय पुरुष श्वासप्रश्वास र मुटुको समस्या भई कार्तिक १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक १८ गते कोभिड-१९ पुष्टि भएको थियो । दोलखाका ४७ वर्षिय पुरुष श्वासप्रश्वास र मुटुको समस्या भई कार्तिक ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १९ गते

निधन भएको छ । उहाँको कार्तिक ६ गते कोभिड-१९ पुष्टि भएको थियो । भक्तपुरका ८० वर्षिय पुरुष निमोनिया भई कार्तिक १४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १८ गते निधन भएको छ। उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो । हेटौडा, मकवानपुरका ८२ वर्षिय पुरुष निमोनिया भई कार्तिक १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचाप, मधुमेह र अल्जाईमर्सको समेत बिरामी हुनुहुन्थ्यो।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७५८२ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल २७३ जना बसिरहनुभएको छ भने १२९५ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६३६ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८६३२ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १४३३२१ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | ११३५९ | ५४६१६ | ६८४४४ | १०९१ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | १८९१ | ११२३४ | ९७१२ | १६० | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७५० | ११५२५ | ६२०८ | १४७ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ५ | ४१ | १४३० | ११३ | २ | |
| नुवाकोट | ५४९ | ० | १ | ४५ | ७ | ३४१ | ६५९० | ८५५ | २८ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ३१ | २४९ | ५५४४ | १२४६ | ८ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १४२५ | १५७७९ | ५३५२ | ९९ | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | ६ | १०५ | ३८९६ | ४११ | ३ | |
| मकवानपुर | १२५ | ० | ० | २९० | २२ | ९५९ | १५८३३ | ३४३४ | ६ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ९ | १४७९ | ३८७ | ५ | |
| दोलखा | १९३ | १ | १ | ४४ | ७५* | २५ | २५३५ | ३७७ | ३ | |
| काभ्रेपलान्चोक | ५९७ | १३ | ४४ | १९६ | ६९ | ३३३ | ६९६२ | २०८३ | ७२ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ९ | १४५ | ५८९८ | ६१४ | १० | |
| जम्मा | ७५८२ | २७३ | १२९५ | ४७०२ | ३६३६ | १८६३२ | १४३३२१ | ९९२३६ | १६३४ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख, *होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- संक्रमितको खोजी र फलो-अप कार्य:

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १३१५१ | ३७६ | २११ | ४३ जना:<br>काभ्रेपलान्चोक-२१,<br>धादिङ-१०,<br>भक्तपुर-५,<br>सिन्धुपाल्चोक-४,<br>काठमाण्डौ-३ | १६८ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३१५२३ | ११५ | ११५ | मकवानपुर-५६ | ५९ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड१९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई